सुरुङ्गा नगरपालिका, सप्तरी　　　　　कार्यपालिका बैठक　　　　　२०८३।०२।२९

प्रस्तावहरु:

१. ग्राभेल पुर्ने सम्बन्धमा ।

२. विविध ।

निर्णयहरु:

प्रस्ताव नं. १ माथि छलफल गर्दा सुरुङ्गा नगरपालिकाको कार्यालयमा जाने अगाडी तथा पछाडीको २ वटा बाटो बर्षायाममा हिलो तथा पानीका कारण आवतजावत गर्न अत्यन्त कठिनाई हुने गरेकोले सर्वसाधारण तथा सेवाग्राहीको सहज आवागमन सुनिश्चित गर्न उक्त बाटोको मर्मत तथा स्तरोन्नतिका लागि रु. १०,००,०००-१०,००,०००/- गरि जम्मा (अक्षरेपी बिस लाख रुपैयाँ मात्र) बराबरको ग्राभेल पुर्ने कार्य गर्ने निर्णय गरियो र साथै उकत निर्णय सत्रौ नगरसभाबाट अनुमोदन समेत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. २ (क) माथि छलफल गर्दा सरुङ्गा नगरपालिकाको नदिजन्य पदार्थको मौज्दात परिमाण प्रमाणित गर्ने सम्वन्धी कार्यविधि २०८३, स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ३ (ख) माथि छलफल गर्दा सुरुङ्गा नगरपालिकाको पोषणमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०८३, स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ३ (ग) माथि छलफल गर्दा सुरुङ्गा नगरपालिकाको पोषणमैत्री स्वास्थ्य संस्था साथै सबैवडा लाई आ.व. २०८३।०८४ मा पोषणमैत्री स्वास्थ्य संस्था तथा वडा घोषणा गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ३ (घ) माथि छलफल गर्दा खेलकुद प्रशिक्षक श्री तारणी प्रसाद चौधरीलाई पिकनिक कार्य वापत रु.४०,०००।- (अक्षरेपी चालिस हजार मात्र) आर्थिक सहयोग अन्तर्गतको रकमबाट अनुदान स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

प्रस्ताव नं. ३ (ङ) माथि छलफल गर्दा सुरुङ्गा नगरपालिकाको बालबालिकाको लगानी योजना-२०८३ स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ३ (च) माथि छलफल गर्दा १ नं. वडा कार्यालयको सिफारिस र वडा समितिको निर्णय बमोजिम तपसिलका योजनाहरुलाई प्राविधिक लागत अनुमान अनुसार रु. २९०५०० (दुई लाख नब्बे हजार पाँच सय मात्र) सुरुङ्गा नं.पा.-१ उत्तरवैरिया टोलको सिमादेखि कुरहा वच्चेलाल चौधरीको जग्गा सम्म कृषि सडक स्तरउन्नती कार्यमा रकम परिवर्तन गर्ने र साथै उक्त निर्णय अगामी सत्रौ नगरसभाबाट अनुमोदन समेत गर्ने निर्णय गरियो ।

तपसिल:

| क्र.सं. | योजनाको नाम | रकम | परिवर्तित योजनाको नाम: | रकम |
|---|---|---|---|---|
| १ | चहका कोरैया बाटो निर्माण स्तरउन्नती कार्य | १००००० | सुरुङ्गा नं.पा.-१ उत्तरवैरिया टोलको सिमादेखि कुरहा बच्चेलाल चौधरीको जग्गा सम्म कृषि सडक स्तरउन्नती कार्य | १००००० |
| २ | बजारी टोलमा ताला निर्माण | १००००० | | १००००० |
| ३ | वडा अन्तर्गतको बाटोहरु मर्मत तथा स्तरोन्नती | १००००० | | ४०५०० |
| ४ | नहर मर्मत | ५०००० | | ५०००० |
| ५ | वडा अन्तर्गतको बाटोहरु मर्मत तथा स्तरोन्नतीमा बाँकी रकम रु.५९५००।।- | | | |
| | | | जम्मा | २९०५०० |